# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## थाहा नगरपालिका

मकवानपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## थाहा नगरपालिका

### मकवानपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## थाहा नगरपालिका

### मकवानपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, बागमती प्रदेश**

पत्र संख्याः २०७९।८०

च.नं. १४४

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
थाहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मकवानपुर ।

**कैफियत सहितको राय**

हामीले थाहा नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.११ करोड ४२ लाख २७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड ४१ हजार, नियमित गर्नुपर्ने रू.५ करोड २० लाख ६३ हजार र पेश्की रू.१ करोड १७ लाख ९८ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रू.७ करोड १३ लाख ६९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.१८ करोड ५५ लाख ९६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४.  आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

**(श्याम प्रसाद भण्डारी)**
**नायब महालेखापरीक्षक**

# थाहा नगरपालिका, मकवानपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १४ | २९ | ११४२२७ | ० | ० | ० | १४ | २९ | ११४२२७ | ३२४ | ५२०६३ | ५००४१ | ० | ० | १०२१०४ | ११७९८ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७१३६९ | ० | ० | ७१३६९ | ० | ११४२२७ | १८५५९६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : थाहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण गिरी | २०८०-१-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरि बहादुर खपाङ्गी मगर | २०७९-११-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bishnu Bhusal | २०७६-४-१६ | २०७८-१०-२९ |
| | | **बेरुजु रकम** | १९४,२२६,७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **थाहा नगरपालिका**<br>**लेखापरीक्षण प्रतिवेदन**<br>**२०७८।७९**<br>स्थानीय नेतृत्व विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिका अन्तर्गत १२ वडा रहेको छ भने १९१.१२ वर्ग किलोमिटर क्षेत्रफल तथा पालिकाको सर्वेक्षण २०७२ अनुसार ४७ हजार ४३१ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय सञ्चित कोष** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ । (रु. हजारमा) | |

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | गतवर्ष रु. |
| | | बजेट | प्राप्ति/भुक्तानी | प्राप्ति/भुक्तानी |
| प्राप्ती (क+ख) | | ८३९९७५२०५ | ८८७०९११६७ | ७२०१३२६६७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८२२३४३९३६ | ८६७२२०९३६ | ७११८२५९७६ |
| ११००० कर | ११ | १९७९१७००० | २१६६७२७३५ | १८५६७५४५० |
| १३००० अनुदान | | ५५१४५४००० | ५५६१७१००० | ४९९०७००८० |
| संघीय सरकार | १२ | ४५४७२०००० | ४६५४३७००० | ४३०८१७०८० |
| प्रदेश सरकार | १२ | ९६७३४००० | ९०७३४००० | ६८२५३००० |
| १४००० अन्य राजस्व | | ७२९७२९३६ | ९४३७७२०१ | २७०८०४४६ |
| ख. अन्य प्राप्ति | | १७६३१२६९ | १९८७०२३२ | ८३०६६९१ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | १७६३१२६९ | १३५०८८६४ | ० |
| धरौटी | | ० | ६३६१३६८ | ८३०६६९१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १०५४४९५८७७ | ८२९४१९५५४ | ८३०६४१६६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | १०३६८६४६०८ | ८१६५०१७७७ | ८०४१७५६२९ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २५५५०६००० | २४७०९५५३६ | २१८७३६९६१ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २२५४७८६०८ | १७०२०७४५३ | ११३७१८०४२ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ० | ० | ७३८८२७०० | |
| | | | २६००० अनुदान | १८ | ० | ० | ६८०४३३ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १०६३७००० | ३५९६४२२ | ३३१६६०० | |
| | | | २८००० अन्य खर्च | १८ | २६४००००० | २६०९९५४० | ३२५५८१६२ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५१८८४३००० | ३६९५०२८२७ | ३६१२८२७३१ | |
| | | | ३३००० दायित्व | १८ | ० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | १७६३१२६९ | १२९१७७७७ | ८३०६४१६६३ | |
| | | | कोषहरु | | १७६३१२६९ | ११५३७७९५ | २४०५८४५४ | |
| | | | धरौटी | | ० | २५४६१४३ | २४०७५८० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -११६६१६१ | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -२१४५२०६७२ | ५७६७१६१३ | -११०५०८९९७ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २२०९०३१५९ | २४२५८३१५४ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | -२१४५२०६७२ | २७८५७४७७२ | १३२०७४१५७ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | २७८५७४७७२ | १६६९८९७२३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत भएका भुक्तानी शीर्षकहरु निम्नानुसार रहेका छन्: | |

| क्र.सं. | विवरण | बजेट रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| १ | प्रदेश पुर्वाधार स्वास्थ्य प्रवर्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम | ८८३८००० | ७९७१३४४ | ८६६६५६ |
| २ | भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २०००००० | १७९५६०७ | २०४३९३ |
| ३ | पर्यटन प्रवर्धन तथा पुर्वाधार विकास कार्यक्रम | १०००००० | ६९१६४४ | ३०८३५६ |
| ४ | भौतिक पुर्वाधार विकास मन्त्रालय | ८०००००० | ६१२९४६२ | १८७०५३८ |
| | जम्मा रकम | १९८३८००० | १६५८८०५७ | ३२४९९४३ |

महालेखापरीक्षकको आ.ब. ०७७।७८ को लेखापरीक्षण प्रतिवेदन अनुसार वार्षान्तको बाँकी रकम रु. १३,४९,३१,५३३.८४ देखाएकोमा पालिकाको आ.ब. ०७८।७९ को आय व्यय हिसावमा गत वर्षको मौज्दात अ. ल्या. २२,०९,०३,१५९.०० देखाएको छ । मौज्दात अ.ल्या. गर्दा फरक देखिएको रु. ८,५९,७१,६२६.०० का सम्वन्धमा उपयुक्त कारण सहित हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | उल्लेखित आर्थिक कारोवारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरण, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ।<br>लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छैन। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीसँग छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार रहेका छन्: | |
| ४ | | | **आन्तरिक नियन्त्रण :**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ माआन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको नगर प्रमुख, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।<br>• स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्वस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन ।<br>• पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनिबहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन ।<br>• पालिकाले जिन्सी सामानकोविवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन ।<br>• योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।<br>• नगदी रसिद नियन्त्रण र निर्क्यौल गर्न प्रणाली व्यवस्थापन गरेपनि थप सुधार गरेको देखिएन ।<br>• अधुरा आयोजनाको समिक्षागरी उपलव्धि मापन गरेको देखिएन । यसबाटअधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन ।<br>• भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग अवधिभरी र फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ । कर्मचारीलाइ दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन कार्यालयबाटै छानविन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नु पर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाको स्वीकृत दरवन्दी संख्या अनुसार मात्रै कर्मचारी व्यवस्थापन गर्नु पर्नेमा ईन्जिनियर, पशु सेवा प्राविधिक, कृषि प्राविधिक, अमिन, लगायत स्वास्थ्य सेवाका विभिन्न पदमा गाउँपालिकाको स्वीकृत दरवन्दी संख्या भन्दा बढी कर्मचारीहरु करारमा राखी खर्च लेखेको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको व्यवस्थापन तथा अभिलेख राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाको वडाहरुमा जिन्सी सामानहरु खरिद गरि वडामा नै दाखिला गर्ने गरेकोमा सो समेत समावेश गरी जिन्सी अद्यावधिक गरेको पाइएन । वडाहरुको समेत जिन्सी खाताको एकिकृत अभिलेख तयार गरी प्रतिवेदन हुनुपर्दछ। अधिकांश सवारी साधनहरुको लगवुक भरेको पाइयो । अनूसुचि-४५ अनुसारको उदेश्य महलमा संकेत भर्नुपर्ने देखिन्छ।<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था छ । नगरपालिकामा कार्यरत कर्मचारीलाई मासिक तलबको आधारमा प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइयो । नगरपरीषदबाट पारित गरी यस किसिमको भत्ता भुक्तानी गरेको पालिकाको प्रतिकृया रहेको छ । | |
| ५ | | | **अवास्तविक खर्च लेखाङ्कन :**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस व्यवस्था अनुसार आर्थिक वर्षको अन्तमा बाँकी रकम निकासा गर्ने निकायमा फर्ता गर्नु पर्नेमा पालिकाले चालु तथा पूजिगत खर्चमा अत्याधिक प्रगति देखाई विभिन्न मुल्याङ्कन निकायबाट बढी अंक प्राप्त गरी आगामी वर्ष बढी वजेट प्राप्त गर्ने उदेश्यले मात्र आर्थिक वर्षको विभिन्न समयमा चालु तथा पूजिगत खाताबाट खर्च जनाई सञ्चित खातामा जम्मा गर्ने र पुनः सोही रकम | ३६,५६३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निकासा लिई दोहोरो लेखाङ्कन गरी चालु तथा पूजिगत खर्च प्रतिशत अश्वाभाविक रुपमा बढी भएको देखाएको पाइयो । उदाहारणका लागि गो भौ नं २६८।२०७९।२।१७ मा रु. ३,६५,६३,०००.०० नगरपालिका पूजिगत खाताबाट सञ्चित कोष खातामा फिर्ता गरी पूजिगत तर्फ खर्च देखाएको छ भने पुनः निकासा लिई यस पछिका भुक्तानीमा खर्च गरेको छ । खर्च प्रतिशत बढी देखाउने प्रयोजनका लागि मात्र रकम ट्रन्सफर देखाएकोले प्रसि तथा भुक्तानी हिसावमा देखाएको चालु तथा पूजिगत खर्च रकम नियमित तथा वास्तविक देखिन आएन । खर्च प्रगति प्रतिशत बढी देखाउने उदेश्यले मात्र रकम ट्रान्शफर गरी खर्च लेखाङ्कन गर्ने कार्य नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |
| ६ | | २०७९-१०-२२ | **सहकारी संघ सापटी :** थाहा नगर शित भण्डार निर्माण गर्न कुल लागत अनुमान रु. १५,६६,७१,११५.०० को ४० प्रतिशतले हुने रु. ६२६६८४४६.०० मध्ये रु. ४,५०,००,०००.०० थाहा नगर विशिष्टिकृत सहकारी संस्थाले ब्यहोर्ने गरी सहकारी संघसंग २०७५।२।२१ मा सम्झौता भएको पाइयो । स्वीकृत कबोल अंक रु. ११,४७,६२,७९४.०० को ७० प्रतिशत भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले व्यहोर्ने र बाँकी ३० प्रतिशत नगरपालिकाले व्यहोर्ने गरी पालुङ बहुउदेश्यिय सहकारी संस्था लिमिटेडसंग नगरपालिका र मन्त्रालय समेतमा त्रिपक्षिय सम्झौता भएको देखियो । सम्झौता गर्दा विभिन्न कागजातमा सहकारी संस्था फरक फरक उल्लेख भएकोमा थाहा नगर विशिष्टिकृत सहकारी संघ दर्ता प्रकृयामा रहेको उक्त संघको २०७९।२।१६ को पत्रबाट देखिन्छ । उक्त सहकारी संस्थालाई २०७५।१२।२१ को सम्झौता अनुसार आषाढ मसान्त भित्र फिर्ता गर्नुपर्ने गरी रु. ४,५०,००,०००.०० सापटी दिएको मध्ये रु. ३,०५,००,०००.०० फिर्ता गर्न बाँकी भएको महालेखापरीक्षक कार्यालयको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन २०७७।७८ मा उल्लेख छ । सो रकम यस आ. ब. मा फिर्ता भइसक्नुपर्नेमा गो भौ नं २८३।०७९।२।३१ बाट रु. १,५५,००,०००.०० फिर्ता देखाई आम्दानी बाँधेपनि सोही वरावरको रकम गो भौ नं २७२।०७९।२।१७ बाट पुनः सोही सहकारी संघलाई सापटी दिएको पाइयो । सापटी फर्ता भएको देखाउन सञ्चित कोष खातामा फिर्ता देखाई पुन पूजिगत खाताबाट खर्च देखाएको छ । यसबाट सम्झौता अनुसार फिर्ता हुनुपर्ने रकम फिर्ता लिनुको सट्टा घुमाउरो बाटोबाट फिर्ता लेखाङ्कन गरी पुनः सोही संस्थालाई गत आ.ब. को बरावरनै सापटी कायम हुनेगरी सापटी प्रदान गरेको नियमित देखिन आएन । फिर्ता गर्नुपर्ने रकम सम्झौता अनुसारको अवधि भित्रै फिर्ता लिई पूजिगत खर्चमा प्रगति देखाउने उदेश्यले मात्र आम्दानी र खर्च देखाउने | १५,५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अभ्यास नियन्त्रण गर्नु पर्दछ। | |
| ७ | | | **पढदै कमाउदै कार्यक्रम :**<br>पढदै कमाउदै कार्यक्रम अन्तर्गत सामुदायिक माध्यामिक विधार्थीको सहभागितामा पढदै कमाउदै शिर्षकमा नगरपालिका स्थित जन कल्याण मा.वि मा "एक शैक्षिक संस्था एक उद्यम प्राविधिक शिक्षा" को कृषि विषय अध्यापन गराउन गो भौ नं १८५।२०७९।३।२० बाट रु. ५,००,०००.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि सम्म विल भरपाइ पेश भएको छैन । काम भए नभएको सम्वन्धमा बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनु पर्ने रु– | ५००,००० |
| ८ | | | **भत्ता भुक्तानी :** | |
| ८.१ | | | नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कानुन निर्माण गरेर मात्र महंगी भत्ता वितरण गर्नु पर्ने व्यवस्था छ । कानुनमा व्यवस्था गरी स्थानीय तहका कर्मचारीको सेवा सर्त कायम गर्नुपर्ने सम्बन्धी व्यवस्था । विभिन्न भौचरबाट वर्ष भरि नै नगरपालिका वडा तथा स्वास्थ्य तर्फका करार सेवाका कर्मचरीको रु. १,०८,०००.०० महंगी भत्ता भुक्तानी गरेको देखिन्छ । यस किसिमको भुक्तानी नियमानुसार व्यवस्थित गर्नुपर्दछ । | |
| ८.२ | | २०७९-१०-२३ | अर्थमन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को नम्वर ७.११ मा वैठक भत्ता भुक्तानी दिदा तोकिएको ६ वटा मापदण्ड पालना गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मापदण्ड अनुसार नहुने गरी एउटै निकायका पदाधिकारी मात्र संलग्न वैठकमा समेत भत्ता भुक्तानी दिएको देखियो । यस प्रयोजनमा गो भौ नं २७९/२०७९।१२।१६ बाट रु. ४०,८००.०० भुक्तानी गरेको पाइयो । यस किसिमको भत्ता भुक्तानी गर्दा तोकिएको मापदण्ड पालना गर्नु पर्दछ । | |
| ९ | | २०७९-१०-२१ | **कानुनी सल्लाहकर :**<br>वाग्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ पहिलो संसोधन समेतमा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकिय सचिब सल्लाहकार राख्न पाउने व्यवस्था गरेको देखिदैन । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुख र नगर उपप्रमुखको राजनीतक सल्लाहकार तथा कानुनी सल्लाहकरको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रुपमा २ जना नियुक्ति गरी वार्षिक रु. ३,३६,०००.०० खर्च गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td>२०७९-१०-२३</td><td>सामाग्री वितरण :<br>सामुदायीक विद्दयालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरण गर्न मिति २०७८।०७।१६ भौ नं २६ बाट खरिद गरेको पाइयो । बर्षान्तमा खरिद गरिएका स्यानीटरी प्याड लेखापरीक्षण अबधि मिति२०७९।१०।१७ सम्म पनि वितरण गरेको पाइएन । साथै कुन कुन विधालयलाइ कतिमात्रामा किनिएको हो लागत अनुमान स्वीकृत गरेको पाइएन । किनिएका समानहरुको वितरण वितरण गरि सो को वितरण भरपाइ पेश हुनु पर्ने रु–
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१०.१</td><td>स्यानीटरी प्याडः</td><td>१६,२२,४१६</td></tr>
</table></td><td>१,६२२,४१६</td></tr>
<tr><td>११</td><td></td><td></td><td>अनुदान फिर्ता :<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रदेश सरकारबाट देहायका शिर्षकमा प्राप्त गरेको अनुदान मध्ये ५ कार्यक्रममा शुन्य खर्च भई सबै रकम मौज्दात रहेको र १६ कार्यक्रममा आंशिक खर्च भई बाँकी रहेको रु. १,५५,०९,९५९.०० आर्थिक वर्षको अन्तसम्म पनि फिर्ता भएको छैन । नियमानुसार फिर्ता हुनुपर्ने रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विनियोजन</th><th>खर्च</th><th>मौज्दात</th></tr>
<tr><td>१</td><td>एक विद्यालय एक नर्स कार्यक्रम</td><td>१५७५०००</td><td>१५५६५१२</td><td>१८४८८</td></tr>
<tr><td>२</td><td>न्यूनतम् सेवा मापदण्ड सुधारका लागि अनुदान</td><td>३०००००</td><td>२५००००</td><td>५००००</td></tr>
<tr><td>३</td><td>अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित कार्यक्रम</td><td>३०००००</td><td>३०००००</td><td>०.००</td></tr>
<tr><td>४</td><td>बाबु—आमावीहित बालबालिका संरक्षण कार्यक्रम</td><td>५५२०००</td><td>०.००</td><td>५५२०००</td></tr>
<tr><td>५</td><td>माध्यमिक तहमा शून्य दरबन्दी शिक्षण सहयोग अनुदान</td><td>४९४०००</td><td>०.००</td><td>४९४०००</td></tr>
</table></td><td>१५,५०९,९५९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि संचार खर्च</td><td>१३५०००</td><td>१३५०००</td><td>०.००</td></tr>
<tr><td>७</td><td>बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम</td><td>१५००००</td><td>१४४०१९</td><td>५९८१</td></tr>
<tr><td>८</td><td>पूर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शैय्या अस्पताल</td><td>४००००००</td><td>४००००००</td><td>०.००</td></tr>
<tr><td>९</td><td>शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान</td><td>४०००००</td><td>४०००००</td><td>०.००</td></tr>
<tr><td>१०</td><td>थहचोक ऐलाख कृषि सडक स्तरोन्नति</td><td>२००००००</td><td>२००००००</td><td>०.००</td></tr>
<tr><td>११</td><td>बसन्त मुलावारी झाप्रे सडक स्ल्याब</td><td>२००००००</td><td>१९९११६८</td><td>८८३२</td></tr>
<tr><td>१२</td><td>डाँडामुख—गैरी गाउँ जोड्ने सडक स्ल्याब</td><td>२००००००</td><td>१९९७३४६</td><td>२६५४</td></tr>
<tr><td>१३</td><td>गोलमोड फापरबारी देउराली कृषि सडक</td><td>३००००००</td><td>२१०६१९६</td><td>८९३८०४</td></tr>
<tr><td>१४</td><td>कृषि—उपज सामुहिक उद्योग</td><td>२००००००</td><td>०.००</td><td>२००००००</td></tr>
<tr><td>१५</td><td>शीत भण्डार निर्माण (निरन्तरता)</td><td>२००००००००</td><td>१७८३०५३८</td><td>२१६९४६२</td></tr>
<tr><td>१६</td><td>धुलेडाँडा—पोखरी चौर चिसापानी जोड्ने सडक</td><td>२००००००</td><td>१९९७४७८</td><td>२५२२</td></tr>
<tr><td>१७</td><td>थहचोक पालुङ्ग सडक स्ल्याब</td><td>२००००००</td><td>३७७२६१</td><td>१६२२७३९</td></tr>
<tr><td>१८</td><td>कपु गाउँ तोगार—महाचुनी थान जोड्ने सडक</td><td>२००००००</td><td>२००००००</td><td>०.००</td></tr>
<tr><td>१९</td><td>सामुहिक कृषि उपज उद्योग</td><td>१५०००००</td><td>०.००</td><td>१५०००००</td></tr>
<tr><td>२०</td><td>गुम्बा निर्माण स्थल जाने सडक निर्माण</td><td>३००००००</td><td>२८१०५२३</td><td>१८९४७७</td></tr>
<tr><td>२१</td><td>दामगडे खानेपानी तथा सरसफाइ योजना</td><td>६००००००</td><td>०.००</td><td>६००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५५४०६०००</td><td>३९८९६०४१</td><td>१५५०९९५९</td></tr>
</table>
प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने रकम समेत संघिय सञ्चित कोषमा फिर्ता गएकोले हिसाव मिलान गर्न कोष तथा लेखा नियन्त्रकक कार्यालयसंग समन्वय भइरकेको व्यहोरा नगरपालिकाले छलफलको क्रममा जानकारी गराएको छ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>पेश्की बाँकी :<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धि व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पेश्की देहाय अनुसार रहेको छ । कतिपय पेश्की सुत्र प्रणालीका म्याद</td><td>११,७९७,९९२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ननाघेको देखाएपनि म्याद नाघिसकेको समेत श्रेष्ताबाट देखिन आएको छ । पेश्कीको वास्तविक हिसाव कायम गरी म्याद ननाघेको पेश्की व्यवस्थापन गरी म्याद नाघेको पेश्कि फछ्र्यौट गर्नु पर्दछ । | |

| सि.नं. | मिति | भौ. न. | विवरण | पेश्की लिने | बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १ | ०३/२०/२०७९ | ४४ | शिक्षकहरुको लागि कम्प्युटर सम्बन्धी तालिम | माधब बिक्रम मल्ल | ० | २००००० | २००००० |
| १ | ०४/०१/२०७८ | ९९ | कलाँटु सडक थाहा १० | ए.के. बिल्डर्स | ५४०८६२ | ० | ५४०८६२ |
| २ | ०४/०१/२०७८ | ९९ | चौकी किटेनी रुप्से सडक | ए.के. बिल्डर्स | ८३२४७० | ० | ८३२४७० |
| ३ | ०४/०१/२०७८ | ९९ | अन्य सार्वजनिक निर्माण | श्रृजना कन्सट्रक्सन | १५६६६० | ० | १५६६६० |
| ४ | ०७/१६/२०७८ | ७ | देउराली महाँकाल सडक थाहा ११ | के. एण्ड के. जी. कन्स्ट्रक्सन कं. प्रा. ली. | १०००००० | ० | १०००००० |
| ५ | ०८/१२/२०७८ | ९ | शीतभण्डार संरक्षण तथा बस्ती बचाउ योजना | त्रिपुरा सुन्दरी इन्फास्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि. | ३९३००० | ० | ३९३००० |
| ६ | ०८/२१/२०७८ | ४ | केशरडाँडा कुलगाउ पोखरी कुन्छाल सडक | शिव शक्ति इन्फ्रा डेभलपर्स प्रा.लि. | २०००००० | ० | २०००००० |
| ७ | ०८/२८/२०७८ | ६ | चिसापानी देउखेल चल्ती बसेरी सडक | निरीक्षा—एच. के. एम—सुजन जे.भी. | २८२०००० | ० | २८२०००० |
| ८ | ०८/२८/२०७८ | ११ | शीतभण्डार संरक्षण तथा बस्ती बचाउ योजना | त्रिपुरा सुन्दरी इन्फास्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि. | ६५५००० | ० | ६५५००० |
| ९ | १०/२३/२०७८ | १२ | देउराली महाँकाल सडक थाहा ११ | के. एण्ड के. जी. कन्स्ट्रक्सन कं. प्रा. ली. | २०००००० | ० | २०००००० |
| १ | ०३/२४/२०७९ | २५ | एमबुलेन्स खरिद आग्रा | आग्रा स्वास्थ्य चौकी | ० | ४००००० | ४००००० |
| २ | ०३/२४/२०७९ | ३५९ | एम्बुलेन्स खरिद | आग्रा स्वास्थ्य चौकी | ० | ८००००० | ८००००० |
| | | | | **जम्मा** | १०३९७९९२ | १४००००० | ११७९७९९२ |

| | | | | |
|---|---|---|---|---|
| १३ | | | **परामर्श खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २३ मा कार्पयालयको जनशक्तिले नभ्याउने भएमा निर्धारित विधि पुरा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

गरी परामर्श सेवा खरिद गर्ने सम्वन्धि व्यवस्था छ । पालिकाले विभिन्न योजना सम्वन्धि कार्य गर्न प्राविधिक जनशक्ति अभाव रहेको आधार उल्लेख गरी देहाय अनुसारको कार्य परामर्शदाताबाट गराई भुक्तानी दिएको पाइयो । विस्तृत परीयोजना प्रतिवेदन तयारीका लागि भुक्तानी गरेकोमा प्रतिवेदन कार्यान्वयन हुनेगरी ठेक्का व्यवस्था भएको सम्वन्धमा यकिन भएन ।

| सि.न | परामर्श सेवाको विवरण | परामर्शदाताको नाम र ठेगाना | स्वीकृत रकम |
|---|---|---|---|
| १ | भुतखोरिया ठुलो खोरिया सडक डिपिआर | हिमालयन अर्थ साइन्स रिसर्च सेन्टर एण्ड सोलुसन प्रा लि | ४५०००० |
| २ | विस्तृत परियोजना प्रतिवेदन | दाहाल ग्रुप अफ कन्सल्टेन्ट प्रा लि | ८००००० |
| ३ | धोक्चा तसार सडक परियोजना प्रतिवेदन | इन्जिनियरियर्श वर्ड प्रा लि | १०००००० |
| ४ | चम्पकेश्वर मन्दिर डिपिआर | शक्सेस डीजाइनर्श एण्ड कन्सल्टेन्ट प्रा लि | ३४६९१० |
| | | **जम्मा** | **२५९६९१०** |

यसैगरी पालिकाले परामर्शदाता मार्फत थाहा नगरपालिकाको आर्किटेक्चर र थ्रिडी मास्टर प्लान, थाहा नगर यातायात गुरुयोजना, थाहा नगरपालिका पर्यटन बिकास गुरुयोजना, थाहा नगरपालिका खानेपानी आपूर्ति गुरुयोजना, रिखेस्वर मन्दिर विस्तृत परियोजना प्रतिवेदन जस्ता आवधिक योजना तथा गुरुयोजना बनाई ५ परामर्शदातालाई रु.३१,६१,०५०.०० भुक्तानी गरेको पाइयो । ती गुरुयोजना कार्यान्वयनमा आएको सम्वन्धमा लेखापरीक्षण अवधिसम्म प्रमाण पेश हुन आएन। कार्यान्वयनमा नआउने क्षेत्रमा संचालन दक्षता देखाउने प्रयोजनका लागि मात्र खर्च गरेको उपयुक्त देखिन आएन । प्रयोगमा नआउने क्षेत्रमा हुने यस्ता खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| सि.न | परामर्श सेवाको विवरण | परामर्शदाताको नाम र ठेगाना | स्वीकृत रु | कार्य सम्पन्न मिति | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | थाहा नगरपालिकाको आर्किटेक्चर र थ्रिडी मास्टर प्लान | इन्टरफेश इन्जिनियरीङ | १४९१६० | २०७५।५।६ | १४९१६० |
| २ | थाहा नगर यातायात गुरुयोजना | नारायणी ट्रेनिङ इन्जिनियरिङ | ८००००० | २०७५।३।११ | ७९१५६५ |
| ३ | थाहा नगरपालिका पर्यटन बिकास गुरुयोजना | डेकर्श पव्लिकेशन प्रा लि | ५५०००० | ०७५।३।३० | ५३०९७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | थाहा नगरपालिका खानेपानी आपूर्ति गुरुयोजना | डि वि कन्सल्टेन्ट प्रा लि | १२००००० | ०७५।३।१ | ११९४४१० |
| ५ | रिखेस्वर मन्दिर विस्तृत परियोजना प्रतिवेदन | स्ट्रेन्थ इन्जिनियरिङ कन्सलटेन्ट | ५००००० | ०७६।३।२४ | ४९४९४० |

१४

**ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा ५ प्रतिशत देखि ४८ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन । पालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धाण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिमाणमा भएको यकिन हुने देखिएन । यस्तो पद्दतिमा सुधार गर्ने गरी ठेक्का व्यवस्था गर्नुपर्दछ ।

| ठेक्का नं | विवरण | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १।०७७।७८ | रिभर ट्रेनिङ वर्क | सिंगि कन्स्ट्रक्शन | १७७५८६५ | ९९५५४५ | ४४ |
| ६।०७८।७९ | केशरीडाँडा कुलगाउ पोखरिडाडा सडक | शिव शक्ति डेभलपर्श | २६०९२०१३ | १४६१४९१९ | ४४ |
| १३।०७८।७९ | वडा ६ भवन निर्माण | वि एण्ड पि निर्माण सेवा | २१५१२३३ | १५३६००६ | २९ |
| २।०७८।७९ | फ्लेक्जिवल पेभमेन्ट तथा अन्य कार्य | के एण्ड के जि कन्स्ट्रक्शन | ४२६१३९१८ | ३११८६२११ | २७ |
| ५।०७८।७९ | कोल्डस्टोर रिभर ट्रेनिङ कार्य | कार्की विल्डर्श | १३८३७२३६ | ७४३०७९८ | ४६ |
| ११।०७८।७९ | केशरीडाँडा कुलगाउ पोखरिडाडा सडक २ | वि एण्ड पि निर्माण सेवा | ४७४१७३४ | २४६३४९१ | ४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७।०७७।७८ | १५ सैयाको प्राथमिक अस्पताल | आशिर्वाद निर्माण सेवा | १८४६३७२५२ | १२५६०७०६९ | ३२ |
| १८।०७८।७९ | फेदिगाउँ संकमुल रिभर ट्रेनिङ वर्क | शिखर कन्स्ट्रक्शन | २४०३९५६ | २२८५७०८ | ५ |
| १६।०७८।७९ | कोल्डस्टोर सिभिल वर्क | राना कन्स्ट्रक्शन | १९५०८२३५ | १६२८२१६१ | १७ |
| ३।०७८।७९ | औद्योगिक क्षेत्र निर्माण कार्य | मिरा कन्स्ट्रक्शन | ४३२०६७५ | २२४०३९८ | ४८ |
| १५।०७८।७९ | अक्सिजन प्लाण्ट खरिद | सुभारम्भ प्रा लि | १४२००००० | ११००१२०० | २३ |
| २२।०७८।७९ | नौखण्डे महाङ्काल सडक निर्माण | सुजन निर्माण सेवा | १३९१८४५ | ८७९९९६ | ३७ |

- क्रमागत योजना तर्फ गो भौ नं २।०७८।५।१७ बाट क्याटलग विधि मार्फत मेक इन्जिनियरिङ एण्ड ट्रेडिङ्ग प्रा लि काठमाडौं बाट दुरविन खरिद गरी रु. १२,४०,०००.०० भुक्तानी गरेको देखियो । शुरु सम्झौता भन्दा बढी हुनेगरी प्रति क्वाइन रु. २६५.४८ को दरले रु. ६०,०००.०० को थप कार्य गराउदा दर नेगोशिएसन गरेको देखिएन । दामन भ्यू टावरमा राख्न खरिद गरेको उल्लेख गरेकोमा दाखिला तथा जडान गरेको प्रमाण संलग्न गरेको देखिएन ।
- ठक्का नं २।०७७।७८ को थाहा ८ स्थीत कटुवाल सडक निर्माण कार्यको दोश्रो रनिङ विल वापत सक्षम निर्माण सेवालाई रु . ४४,८८,९१३.०० भुक्तानी गरेको पाइयो । रेजिड एण्ड फ्लेक्जिवल पेभमेण्ट कार्यको पिसिसि ग्रेड एम १५ को भुक्तानी विल पाना १ र कर विजक पाना १ मात्र संलग्न गरी भुक्तानी गरेको पाइयो । उक्त भुक्तानीको नापी तथा ठेक्का सम्वन्धि प्रमाण कागजात संलग्न गरेको छैन । पर्याप्त प्रमाण संलग्न नगरी भुक्तानी गरेको उपयुक्त देखिन आएन ।
- गो भौ नं ६१।०७८।११।३ क्रमागत योजनाको दायित्व भुक्तानी अन्तर्गत अर्विट अर्थवर्कस् एण्ड ट्रेडिङ्ग प्रा लि लाई हेभी इक्यूपमेन्ट सम्वन्धि सामान र सेवाहरुको तीन कर विजक संलग्न गरी रु. ५६,५००.०० सामान खरिद गरेको ९ महिना पछि मात्र भुक्तानी गरेको पाइयो । ढीलो गरी भुक्तानी गर्नुपर्नाको कारण खुलाउनुपर्ने भनि भुक्तानि सम्वन्धि टिप्पणीमा समेत उल्लेख भएकोमा उपयुक्त कारण उल्लेख नगरी भुक्तानी गरेको उपयुक्त देखिन आएन ।
- गो भौ नं ७७।०७८।१२।२३ बाट शित भण्डार संरक्षण तटवन्ध प्याकेज २ वापत श्रृजना कन्स्ट्रक्शन प्रा लि लाई रु. २८,५८,४३०.०० भुक्तानी गरेको पाइयो । भुक्तानी भौचरका साथ प्रा लि को कर विजक नं ११

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बाहेक थप कागजात संलग्न गरेको देखिएन । रिभर ट्रेनिङ वर्कको भुक्तानी गरेकोमा प्रमाण कागजात संलग्न नगरी भुक्तानी गरेको नियमित देखिन आएन ।<br>• पालिकाले क्रमागत योजनाको रुपमा गो भौ नं ७३।०७८।१२।११ बाट थाहा बसपार्क निर्माण ठेक्का वापत विश्वास निर्माण सेवाको २०७८।१२।१० को कर विजक संलग्न गरी ग्रभेलिङ्ग वर्क वापत रु. ९६,४८९.०० भुक्तानी गरेको पाइयो । स सानो टुक्रे कार्य र विल र नापीका आधारमा क्रमागत हुने देखिएन ।<br>• गो भौ नं १०१।०७९।१।२४ बाट कोल्ड स्टोर विल्डिङ्ग वापत पेश्की फछ्यौंट रु.२४०००००.०० समेत रु. ६५६९९६५.०० भुक्तानी गरेको पाइयो । भुक्तानीका साथ इन्भ्वाइस नं २ मात्र राखेको देखिएकोमा थप प्रमाण कागजात संलग्न गरेको देखिएन । ठेक्का विल तथा प्रमाण कागजात संलग्न नगरी भुक्तानी गरेको उपयुक्त देखिन आएन । | |
| १५ | | | **उपभोक्ता समिति :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने सम्वन्धि व्यवस्था छ । नगरपालिकाका निर्माण कार्यका योजना मध्ये अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएको विवरणबाट देखिन्छ । हेभि इक्यूपमेन्ट प्रयोग हुने तथा विशेष प्राविधिक दक्षता आवश्यक पर्ने कार्य समेत उपभोक्ता समिति मार्फत गराउदा निर्माण गुणस्तरमा हुने असरका सम्वन्धमा सजगता अपनाएको देखिएन । न्युन वजेटका धेरै योजना स्वीकृत गर्ने र अधिकांस योजना उपभोक्ता समिति मार्फत गराउदा निर्माण दक्षताको उपयोग हुने देखिएन । साथै उपभोक्ता समिति मार्फत गरेका योजनाको खर्च सार्वजनिकिकरण गरेको पाइएन । पालिकाको वार्षिक कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरेपनि सार्वजनिक सुनुवाई गरेको देखिएन । यसवाट निर्माण कार्यको वास्तविक अवस्थाका सम्वन्धमा यकिन हुनसक्ने देखिएन । प्रतिफल उन्मुख ठुला बजेटका योजना छनौट गरी प्रतिस्पर्धि विधिवाट निर्माणकार्य गराउने तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । | |
| १६ | | | **शिक्षा तर्फः** | |
